(सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)

२०८२ साल वैशाख १ देखी २०८२ साल असार मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

**(स्वत:प्रकाशन)**

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रादेशिक स्वास्थ्य निर्देशनालय

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत

कुश्मा,नेपाल

स्वत: प्रकाशन

नेपालको संविधान २०७२को धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ का प्रत्येक सार्वजनिक निकाएहरुले आफुले सम्पादित गरेका क्रियाकलापहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। सूचनाको हकको संरक्षण र प्रचलन गराउन यस स्वास्थ्य कार्यालयले २०८२ साल वैशाख १ देखी २०८२ साल असार मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु प्रकाशित गरिएको छ । आगामी दिनहरुका स्वत:प्रकाशन लाई थप व्यवस्थित र मर्यादित ढंगले नियमित रुपमा अगाडी वढाउन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत प्रतिवद्ध रहेको जानकारी पनि गराउन चाहान्छौ।

**मिति: २०८२ श्रावण ०१ गते बिहिवार**

विषयसूची


| क्र.सं. | विवरण |
|---|---|
| १ | प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति |
| २ | प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण |
| ४ | उजुरी सुन्ने अधिकारीको विवरण |
| ५ | कार्यालय वाट प्रदान गरिने सेवा |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी |
| ८ | सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी |
| ९ | सम्पादन गरेका कामको विवरण |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद |
| ११ | आर्थीक कारोवार सम्वन्धी विवरण |
| १२ | ऐन,नियम विनियम एंव निर्देशिकाको सूची |
| १३ | कार्यालयको पर्वतको वेवसाईट र अन्य विवरण |

## १ प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको मातहतमा गण्डकी प्रदेशभरी ११ जिल्लामा जिल्लास्तरीय कार्यालय हरुमध्ये  जनस्वास्थ्य कार्यालय पर्वत रहेको छ जहाँ २ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन। बहुषक्षिय समन्वयमा राष्ट्रिय प्राथामिकता प्राप्त जनस्वास्थ्य सेवाको संचालन, समन्वय र सहजीकरणक मार्फत जिल्ला तथा स्थानीय तहमा कार्यक्रमको प्रभावकारिता र पहुँच अभिबृद्धिको नेत्तृत्व स्वास्थ्य कार्यालय पर्वतले गर्दै आएको छ। पर्वत जिल्लामा नियमित स्वास्थ्य सेवा प्रवाह गर्नको लागि १ सरकारी अस्पताल, ३ आधारभुत अस्पताल, ३ निजि अस्पताल,  १ प्राथमिक स्वास्थ्य केन्द्र,५० स्वास्थ्य चौकी, ६आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ शहरी स्वास्थ्य केन्द्र, २७ सामुदायिक स्वास्थ्य ईकाइ, १२५ गाउँघर क्लिनिक, १८४ खोप क्लिनिक, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ४ आयुर्वेद औषधालय, ५०० महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यरत छन। उल्लेखित संस्थाहरु मध्ये ३८ वटा वर्थिङ्ग सेन्टर, १८ वटा संस्था OTC, २ वटा BEONC Sites , १ वटा CEONC Site , १७ वटा Safe Abortion Sites र १८ वटा संस्थामा प्रयोगशाला सेवा समेत संचालनमा रहेका छन। मुख्यतह पर्वत जिल्लाका ७ वटै स्थानीय तह, गण्डकी प्रदेश र संघिय सरकारको समन्वयमा प्रतिकारात्मक, प्रर्वधनात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रवाह गर्नको लागि व्यवस्थापक र सहजिकरणको भुमीका जनस्वास्थ्य कार्यालय पर्वतले निभाउदै आएको छ ।

## २ प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार

प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।

२. कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरण योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक, वार्षिक) गरि कार्यन्वयन गर्ने।

३. जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।

४. जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।

५. स्थानीय सरकार र स्वास्थ्य निकायहरु बिच समन्वय गर्ने।

६. एकीकृत स्वास्थ्य सुचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।

७. स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।

८. सरकारी, निजि, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।

९. संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

१०. प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरु)को संचालन, समन्वय र सहजीकरण गर्ने।
११. वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्धन एवं व्यवस्थापन कार्य गर्ने।
१२. जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
१३. प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।
१४. बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।
१५. आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धी कार्य गर्ने।

## ३ कार्यालयमा रहने कर्मचारी संख्या

Website: www.hoparbat.gandaki.gov.np | जनसक्ति विवरण

**प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको जनशक्तिविवरण**

| सि.न. | पदको विवरण | सेवा | समूह | श्रेणी/ तह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत वा सो सरह | स्वास्थ्य सेवा | हे.इ | ७/८ तह | १ | १ | २ छात्रवृत्ति करार |
| २. | तथ्याङक सहायक | आ.यो त. | तथ्याङ्क | ५/६ तह | १ | १ | ० |
| ३. | हे. अ. वा सो सरह | स्वास्थ्य सेवा | हे.इ. | ५/६/७ तह | २ | ३ | ० |
| ४. | प. हे. न | स्वास्थ्य सेवा | प.हे.न | ५/६/७ तह | १ | १ | ० |
| ५. | ल्याव टेक्निसीयन | स्वास्थ्य सेवा | मे.ल्याब.टे. | ५/६/७ तह | १ | १ | अध्यन विदामा |
| ६. | कोल्ड चेन | स्वास्थ्य सेवा | हे.इ | ४/५/६ तह | १ | १ | १ करार |
| ७. | प्रशासन | प्रशासन | सा.प्रशासन | ५/६ तह | १ | १ | |
| ८. | लेखा | प्रशासन | लेखा | ५/६ तह | १ | १ | |
| ९. | का. स. | श्रेणीविहिन | प्रशासन | श्रेणी बिहिन | २ | २ | २ करार |
| १०. | ह. स. चा. | श्रेणीविहिन | मे.ई | श्रेणी बिहिन | १ | १ | ० |
| जम्मा | | | | | १२ | १३ | |

Email: dhoparbat44@gmail.com | प्रदेश जन स्वास्थ्य कार्यालय पर्वत

## ४ उजुरी सुन्ने अधिकारीको विवरण

नाम : बद्रीराज आचार्य

पद : कार्यालय प्रमुख

मोवाईल नं : ९८५७६३५११९

ईमेल आइडी : dhoparbat44@gmail.com

## ५ कार्यालय वाट प्रदान गरिने सेवा

माथि जनस्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकारमा उल्लेख भएको तपशिल बमोजिम

- खोप सेवा
- वालस्वास्थ्य तथा पोषण सेवा
- परिवार नियोजन सेवा
- सुरक्षित मातृत्व सेवा
- रोग नियन्त्रण सेवा
- प्रयोगशाला सम्बन्धीत सेवा
- आर्थीक तथा प्रशासनिक सेवा

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयमा शुल्क तिरेर लिने कुनै पनि सेवा नभएको हुदाँ कार्यालय वाट उपलब्ध हुने सम्पुर्ण सेवाहरु निशुल्क र समयमा नै पाप्त गर्न सकिन्छ।

## ७ निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यक्रमकको सम्बन्धित फोकल पर्सनहरु सगं सल्लाह गरी अन्तीम निर्णय कार्यालय प्रमुखले लिने व्यवस्था रहेको छ।

## ८ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

*प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण*

| सि.नं | कर्मचारीको नाम थर | पद | सम्पर्क नं | सम्बन्धित शाखा | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बद्रिराज आचार्य | कार्यालय प्रमुख | ९८५७६३५११९ | आर्थीक प्रशासन | **dhoparbat44@gmail.com** | |
| २ | रघुनाथ रेग्मी | प्रशाशन प्रमुख | ९८५७६२५१४५ | प्रशासन / स्टोर | Regmiraghunath123@gmail.com | |
| ३ | प्रकाश गौतम | जनस्वास्थ्य निरीक्षक | ९८५६०३०७९० | नसर्ने रोग | Prakashgautam1111@gmail.com | |
| ४ | तेज प्रसाद सुवेदी | सि.अ. हे. व | 9857625171 | पोषण | tejsubedi74@gmail.com | |
| ५ | सुमन शर्मा | पब्लिक हेल्थ नसिङ्ग निरीक्षक | ९८४७६४४१६२ | सुरक्षित मातृत्व | sumesarma42@gmail.com | |
| ६ | उज्वल तिवारी | ल्याव टेक्निसीयन | ९८४११२२८१२ | ल्याव | clstiwariujjwal@gmail.com | हाल अध्यनन विदामा |
| ७ | नारायण प्रसाद रेग्मी | परिवार नियोजन सुपरभाइजर निरीक्षक | 9847788729 | परिवार नियोजन | regmi11nryn@gmail.com | |
| ८ | रामचन्द्र सुवेदी | तथ्याङ्क सहायक | 9841897227 | तथ्याङ्क | subedirc3@gmail.com | |
| ९ | गणेश आचार्य | लेखापाल | ९८५७६२०६२८ | लेखा | acharyaganeshac@gmail.com | |
| १० | ममता ढकाल | जनस्वास्थ्य अधिकृत | ९८४६७४१४१३ | खोप | Dhakalmamta1@gmail.com | |
| ११ | अंजली पि सी | जनस्वास्थ्य अधिकृत | ९८६७९७१३३५ | सुरक्षित मातृत्व | anjaleephogovnp@gmail.com | |
| १२ | उज्वल गौतम | कोल्डचेन सहायक | ९८४७७४०५९४ | कोल्डचेन | ujwalgautam2053@gmail.com | |
| १३ | सन्तोष क्षेत्री | कार्यालय सहयोगी | ९८४४७३४३२४ | - | - | |
| १४ | टंक बसेल | हलुका सवारी चालक | ९८४७६२५६६९ | | - | |
| १५ | गंगा अधिकारी | कार्यालय सहयोगी | ९८४७६४३३६२ | | - | |
| १६ | राधिका कडेल | कार्यालय सहयोगी | ९८६७६८०४०७ | | - | |

## ९ यस त्रैमासिकमा सम्पादन गरेका कामको विवरण

### स्वास्थ्यकर्मिहरुलाई HMIS/DHIS-2 तथा e-HMIS तालिम

मिति २०८२/०१/०२ देखि ०१/०४ गते सम्म प्रदेश जनस्वास्थ कार्यालय पर्वतको आयोजनामा स्थानिय तहका स्वास्थ्य संस्थामाकार्यरत स्वास्थ्यकर्मिहरुलाई HMIS/DHIS-2 तथा e-HMIS तालिम प्रदेश जनस्वास्थ्य कार्यालयका प्रशासन प्रमुख रघुनाथ रेग्मीज्युको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले गर्नुभएको थियो। कार्यक्रमको सहजिकरण प्रादेशिक स्वास्थ्य निर्देशनालयका बरिष्ठ तथ्याङ्क अधिकृत दिवाकर शर्मा,प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अञ्जली पौडेल तथा प्रदेश जनस्वास्थ्य कार्यालयका तथ्याङ सहायक रामचन्द्र सुवेदीले गर्नुभएको थियो।कार्यक्रममा सातवटै स्थानिय तहवाट १९ जना सहभागिता रहेको थियो।

### विदाई तथा फेरी भेटौला कार्यक्रम

मिति -२०८२-०१-१७गते -प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय सहयोगीको पदमा कार्यरत रहनुभएका श्री कुलप्रसाद उपाध्यायको विदाई तथा फेरी भेटौला कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्री आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। आफ्नो जिवनको महत्त्वपूर्ण समय करिव २७ वर्ष निजामती सेवामा रहेर देश र जनताको सेवामा समर्पित गरि मिति २०८१ चैत्र ०६गते देखि यस कार्यालयबाट अनिवार्य अवकाश भई सेवानिवृत्त जीवन मा प्रवेश गर्नु भएकोमा हार्दिक बधाई साथै सेवानिवृत्त जीवन सुखद , सफल , स्वस्थ रहोस भने शूभकामना व्यक्त गर्दछौं । तपाईंको लामो समयसम्मको सेवा, इमान्दारीता र मेहनतको लागि यो कार्यालय सधै आभारी रहनेछ।

### मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमको समिक्षा तथा अभिमुखिकरण कार्यक्रम

मिति २०८२/१/१९ र २० गतेप्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमको समिक्षा तथा अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। मातृ तथा नवशिशु स्वास्थ्य सेवाहरूमा गुणस्तरीयता कायम गर्न स्वास्थ्यकर्मीलाई थप दक्ष बनाउने आवश्यक छ। कार्यक्रमको सहजीकरण महिला रोग विशेषज्ञ डा तारा शिलवाल , धौलागीरी प्रादेशिक अस्पताल बाग्लुङका नर्सिङ अधिकृत निमा हिताङ, पदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपालि , कुश्मा नगरपालिका स्वास्थ्य शाखाका सि.अ.न .मि.नि दुर्गा सापकोटा , प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो। कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था, pregnancy registration and tracing Application, PPH Bundle Approach , Non-pneumatic Anti-shock garments, Infection Prevention र Labour care Guide को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो। स्थानिय तहका स्वास्थ्य शाखाका मातृ तथा नवशिशु कार्यक्रम फोकल पर्सन, बर्थीङ सेन्टर र प्रदेश अस्पताल कुश्माका कार्यरत नर्सिङ कर्मचारीहरु, जनस्वास्थ्य कार्यालय पर्वतका शाखाका कर्मचारिहरु सहित ३० जनाको उपस्थिति रहेको थियो। पर्वत जिल्लाको सातै वटा स्थानिय तह र प्रदेश अस्पताल कुश्माको मातृ तथा नवशिशुको अवस्था, समस्या, चुनैति र समाधानको उयाएको वारेमा सम्बन्धित स्थानिय तहको कार्यक्रम फोकल

पर्सनले प्रस्तुतिकरण गर्नुभएको थियो  साथै सातै वटा स्थानिय तहका वर्थीङ सेन्टरहरुमा १६ थान Non-pneumatic Anti-shock garments पनि वितरण गरिएको छ। प्रसूति हुन लागेको  आमा र वच्चाको अवस्था थाहा पाउन पहिले प्रयोग गरिने  Partograph  को Replacement मा अहिले WHO Recommended  Labour care guide रहेको छ । तालिममा  सम्पुर्ण सहभागिहरुलाई  Labour care guide भरेर अभ्यास गराईएको हुनाले आफ्नो संस्थामा आगामि दिनमा Labour care guide को प्रयोग गरिदिनुहुन अनुरोध गर्दछौ ।

## मासिक भर्चुअल सेसन भाग  १२

मिति २०८२।०१।२८ गते -प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्धारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग  १२ अन्तर्गत २०८२ बैशाखको virtual सेसन  " स्वास्थ्य  फोहोर  व्यवस्थापन " शिर्षकमा प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका  प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका  प.हे. न. नि सुमन शर्मा र जनस्वास्थ्य अधिकृत अन्जली पि.सी  गर्नु भएको थियो भने सहजीकरण  प्रदेश अस्पताल, कुश्मा, पर्वत अस्पताल नर्सिङ निरिक्षक सुनीता  नेपालीले गर्नुभएको थियो । १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव  ४० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

## पोषण लेखाजोखा तथा स्क्रिनिङ कार्यक्रम  कार्यक्रम

मिति -२०८२-०१-०३ -प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा, पर्वतको आयोजनामा तथा मोदी गाउँपालिकाको समन्वयमा  अध्यक्ष श्री हिरादेवी शर्मा ,प्रमुख प्रशासकिय अधिकृत बाबुराम पुरी ,वडाध्यक्ष दिपेन्द्रजङ लामिछाने स्वास्थ्य शाखा प्रमुख उमेश अधिकारी सहित, जनप्रतिनिधि र स्वास्थ्यमाकर्मीहरुको  उपस्थितिमा पोषण लेखाजोखा तथा स्क्रिनिङ कार्यक्रम  कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा ५ वर्ष मुनिका कुल १७८ जना बालबालिकाको पोषण अवस्था स्क्रिनिङ गरिएको थियो, जसमा ९५ जना (५३.४%) पुरुष र ८३ जना (४६.६%) महिला बालबालिका सहभागी थिए जसमा  १० जना बालबालिका (५.६%) कडा कुपोषण (SAM) को अवस्थामा रहेका छन्, जसमा ९ जना पुरुष र १ जना महिला छन्  भने मध्यम कुपोषण (MAM) अन्तर्गत ४१ जना (२३.०%) बालबालिका पाइएको छ, जसमा २३ जना पुरुष र १८ जना महिला रहेका छन्। साथै, २ जना महिला बालबालिका (१.१%) तौल बढी (Overweight) अवस्थामा रहेका छन् साथै कुश्मा नगरपालीकाको समन्वयमा  कुश्मा न.पा. १ ततरकोटमा ६ म.-५९महिना सम्मका बालबालिकाहरूको  पोषण  लेखाजोखा कार्यक्रम जनप्रतिनिधि श्री बल बहादुर अधिकारी ज्युको अधक्षता  र प्रदेश अस्पताल पर्वतका अध्यक्ष शंकर गिरीको  प्रमुख आतिथ्यतामा  सम्पन्न भएको छ। कार्यक्रममा ५ वर्ष मुनिका कुल ६३ जना बालबालिकाको पोषण अवस्था स्क्रिनिङ गरिएको थियो,  २ जना बालबालिका (३.१४ %) कडा कुपोषण (SAM) को अवस्थामा रहेका छन्, जसमा  २ जना महिला छन्  भने मध्यम कुपोषण (MAM) अन्तर्गत ६ जना (९.५%) बालबालिका पाइएको छ, जसमा २जना पुरुष र ४ जना महिला रहेका छन्।  कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका मेडिकल अफिसर डा. सनम ढकाल, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका पोषण फोकल पर्सन श्री तेज प्रसाद सुबेदी, जनस्वास्थ्य अधिकृत अञ्जली पि.सी, प्रदेश अस्पताल कुश्मा पोषण पुनर्स्थापना गृहका स्टाफ नर्स तथा  पालिकाका  स्वास्थ्यकर्मीहरूले गर्नु भएको थियो भने लेखाजोखा बाट पत्ता लागेका कडा

कुपोषित बच्चालाई पोषण पुनर्स्थापना केन्द्र र मध्यम कुपोषित बालबालिकाहरू लाई OTC center मा रेफर गरिएको छ।

### ANC TO PNC continuum of care को समिक्षा तथा अभिमुखिकरण कार्यक्रम

मिति २०८२/१/३० र ३१ गते -प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा ANC TO PNC continuum of care को समिक्षा तथा अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका मे. सु हेमान्त बास्तोला , धौलागीरी प्रादेशिक अस्पताल बाग्लुङका नर्सिङ अधिकृत निमा हिताङ, प्रदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सरस्वति बराल , प्रदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपालि , प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो। कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था,ANC TO PNC continuum of care, pregnancy registration and tracing Application, PPH Bundle Approach , vitamin k , Infection Prevention र Labour care Guide को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो। स्थानिय तहका बर्थीङ सेन्टर र प्रदेश अस्पताल कुश्माका कार्यरत नर्सिङ कर्मचारीहरु, जनस्वास्थ्य कार्यालय पर्वतका शाखाका कर्मचारिहरु सहित ३० जनाको उपस्थिति रहेको थियो। प्रसूति हुन लागेको आमा र वच्चाको अवस्था थाहा पाउन पहिले प्रयोग गरिने Partograph को Replacement मा अहिले WHO Recommended Labour care guide रहेको छ। तालिममा सम्पुर्ण सहभागिहरुलाई Labour care guide भरेर अभ्यास गराईएको हुनाले आफ्नो संस्थामा आगामि दिनमा Labour care guide को प्रयोग गरिदिनुहुन अनुरोध गर्दछौ।

### बिश्व स्वास्थ्य सङ्गठनको दक्षिण पूर्वी एशिया क्षेत्रीय कार्यालयबाट विज्ञहरू तथा दादुरा रुबेला निवारण सम्बन्धी क्षेत्रीय प्रमाणिकरण

मिति 2082/02/11 -रुबेला र CRS निवारण गर्ने सन्दर्भमा नेपालले गरेका प्रयासहरु मूल्याङ्कन गर्न बिश्व स्वास्थ्य सङ्गठनको दक्षिण पूर्वी एशिया क्षेत्रीय कार्यालयबाट विज्ञहरू तथा दादुरा रुबेला निवारण सम्बन्धी क्षेत्रीय प्रमाणिकरण समितिका सदस्यहरू, स्वास्थ्य सेवा बिभाग परिबार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखा प्रमुख, WHO IPD नेपालका Team Lead, लगायतको टिम बाट २०८२ जेष्ठ ११ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत, प्रदेश अस्पताल पर्वत,कुश्मा नगरपालिका, तथा समुदाय समेत भिजिट गर्नु भएको छ। यो भिजिटले हामी रुबेला तथा CRS elimination को तयारीमा अब्बल ठहरेको जानकारी छिट्टै प्राप्त हुनेछ भन्ने अपेक्षा गरेका छौ।

### मानसिक स्वास्थ्य सचेतना र पैरवी कार्यक्रम

मिति -२०८२/०२/१३ -प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को आयोजना र जलजला गाउपालिकाको समन्वय मानसिक स्वास्थ्य सचेतना र पैरवी कार्यक्रम जलजला गा पा का अध्यक्ष राजु आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। मानसिक स्वास्थ्य समस्याको सचेतना र यसको नीति तथा योजना निर्माणमा सहयोग गर्न उद्देश्यका साथ जनप्रतिनिधि , प्रमुख प्रशासकिय अधिकृत,स्वास्थ्यकर्मी , जलजला गा पा अन्तर्गतका मा .बी का शिक्षक शिक्षिकाहरु, सञ्चारकर्मीहरु सरोकारवालाहरु लगायत म.स्वा.सेविकाहरू संग उक्त कार्यक्रम गरिएको हो जसको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय ज स्व नि प्रकाश गौतम र जनस्वास्थ्थ अधिकृत अन्जली पि सिले गर्नु भएको थियो भने संचालन

स्वास्थ्य शाखा प्रमुख गणेश मल्लले गर्नु भएको थियो । कार्यक्रममा जनप्रतिनिधिहरु , प्रमुख प्रशासकिय अधिकृत,स्वास्थ्यकर्मीहरु , जलजला गा पा अन्तर्गतका मा बी .का शिक्षक शिक्षिका, सञ्चारकर्मीहरु सरोकारवालाहरु लगायत म.स्वा.सेविकाहरू गरी ४५ जनाको सहभागिता रहेको थियो ।

### ANC TO PNC continuum of care को समिक्षा तथा अभिमुखिकरण कार्यक्रम

मिति २०८२/२/०९ र १० गतेप्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा ANC TO PNC continuum of care को समिक्षा तथा अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयमा सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका मे. सु डा. हेमन्त बास्तोला , प्रदेश अस्पताल कुश्माका एम.डि.जि.पि डा. मिलन अवाले, धौलागीरी प्रादेशिक अस्पताल बाग्लुङका नर्सिङ अधिकृत निमा हिताङ, प्रदेश अस्पताल कुश्माका बरिष्ठ अस्पताल नर्सिङ निरिक्षक सरस्वति बराल , प्रदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक शोभा श्रेष्ठ , प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो । कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था,ANC TO PNC continuum of care, pregnancy registration and tracing Application, PPH Bundle Approach , Non pneumatic antishock garments, vitamin k1 , kangaroo mother care र Labour care Guide को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो । स्थानिय तहका बर्थीङ सेन्टर र प्रदेश अस्पताल कुश्माका कार्यरत नर्सिङ कर्मचारीहरु, जनस्वास्थ्य कार्यालय पर्वतका शाखाका कर्मचारिहरु सहित २५ जनाको उपस्थिति रहेको थियो । प्रसूति हुन लागेको आमा र वच्चाको अवस्था थाहा पाउन पहिले प्रयोग गरिने Partograph को Replacement मा अहिले WHO Recommended Labour care guide रहेको छ । तालिममा सम्पुर्ण सहभागिहरुलाई Labour care guide भरेर अभ्यास गराईएको हुनाले आफ्नो संस्थामा आगामि दिनमा Labour care guide को प्रयोग गरिदिनुहुन अनुरोध गर्दछौ । यस कार्यक्रम सगै प्रदेश जनस्वास्थ्य कार्यालयले संचालन गर्ने यस आर्थिक वर्ष २०८१।८२का MNH सम्बन्धि सम्पुर्ण कार्यक्रमहरु समापन भएको जानकारी गराउँछौ ।

### मासिक भर्चुअल सेसन भाग १३

मिति २०८२।०२ ।३० गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग १३ अन्तर्गत २०८२ जेठ को virtual सेसन " Nepal Labor care guide (LCG) guideline को अभिमुखीकरण कार्यक्रम " शिर्षकमा प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि.सी गर्नु भएको थियो भने सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.हे. न नि सुमन शर्माले गर्नुभएको थियो । १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ४० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

## पोषण लेखाजोखा तथा स्क्रिनिङ कार्यक्रम  कार्यक्रम

मिति - २०८२-०२-२७  -प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना विहादी गाउपालिका पर्वतको समन्वय मा नमुना पोषण स्थानीय तह अन्तर्गत पोषण लेखाजोखा कार्यक्रम विहादी १ बाच्छा र वडा न २ बर्राचौरमा सम्पन्न भयो ।विहादि गा.पा.प्र प्र अ हरी प्रसाद भुषाल शाखा प्रमुख भुपेन्द्रनाथ पौडेल बाच्छा स्वास्थ्य चौकी ईन्चार्ज खिम बहादुर कोईराला सहित विहादी गा पा का स्वास्थ्यकर्मी  म स्वा से हरूको सहभागितामा प्रदेश अस्पताल पर्वत का मे अ सनम ढकाल प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका फोकल पर्सन तेज प्रसाद सुवेदी जनस्वास्थ्य अधिकृत अन्जलि पि सि ले कार्यक्रम मा सहजिकरण गर्नु भएको थियो।लेखाजोखा कार्यक्रम मा १९० जना बच्चाहरु मध्य कडा कुपोषित २ जना,मध्यम कुपोषित ६ जना र अधिक तौल  ५ जनामा पाईएको छ । साथै मिति -२०८२/०२/०५ महाशिला गाउपालिकाको समन्वय र प्रदेश अस्पताल कुश्माको प्राविधिक सहयोगमा महाशिला ४ पाखापानीमा पोषण कार्यक्रमको  लेखाजोखा स्क्रिनिङ कार्यक्रम  संचालन भएको थियो  जम्मा ७९ जना बालबालिकाहरूमा गरीएको स्क्रिनिङ कार्यक्रममा ४ जना कडा कुपोषित,८ जना मध्यम कुपोषित र १ जना बालकमा अधिक पोषण पाईएको थियो।

## स्तनपान परामर्शदाताहरूका लागि क्षमता अभिवृद्धि तालिम

२०८२/०२/१३ - प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को आयोजनामा बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारी हरूलाई ३दिने "स्तनपान परामर्शदाताहरूका लागि क्षमता अभिवृद्धि तालिम २०८२/०२/११ देखि १३ गते सम्पन्न भएको छ ।प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प्रमुख श्री बद्रीराज आचार्य को अध्यक्षतामा सम्पन्न कार्यक्रम को सहजिकरण प्रदेश अस्पताल पर्वत का ब.अ.न.नि सरास्वति बराल,प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.हे.न.नि सुमन शर्मा,फलेवास न.पा पर्वत का प.हे.न विन्दु गौतम,फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नु भएको थियो।२३बटा बर्थिङ सेन्टरको सहभागिता रहेको उक्त कार्यक्रम को अनुगमन परिवार कल्याण महाशाखा पोषण शाखाका प्रमुख श्री लिलाविक्रम थापा र विश्व स्वास्थ्य सगठनका प्रतिनिधि बाट सम्पन्न भएको थियो ।

## अन्तर्राष्ट्रीय महिनावारी स्वच्छता दिवसको अवसरमा "महिनावारी स्वच्छता र पुरुष सहभागिता" शीर्षकमा बक्तृत्त्वकला प्रतियोगिता

मिति २०८२/०२/१४(28 May,2025) प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्बतको आयोजना तथा महाशिला गाउँपालिकाको समन्वयमा मिति २०८२/०२/१४ गतेका दिन महाशिला गाउँपालिका वार्ड नं ३स्थित श्री बालारानी मा.वि. बालाकोट पर्बतमा अन्तर्राष्ट्रीय महिनावारी स्वच्छता दिवसको अवसरमा "महिनावारी स्वच्छता र पुरुष सहभागिता" शीर्षकमा बक्तृत्त्वकला प्रतियोगिता सम्पन्न भएको छ। महाशिला गाँउपालिकामा रहेका ८वटा माध्यमिक विद्यालयका १ जना किशोरी र १ जना किशोर का दरले १६ जना प्रतियोगी विद्यार्थीको सहभागिता रहेको थियो। उक्त कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्बतका कार्यालय प्रमुख श्री बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि महाशिला गाउँपालिकाका अध्यक्ष श्री इश्वरी प्रसाद भुसाल रहनु भएको थियो। साथै कार्यक्रममा महाशिला गाउँपालिका उपाध्यक्ष्य श्री धनसुभा वि. क., प्रमुख प्रशासकिय अधिकृत श्री देवेन्द्रराज पाण्डेयले आतिथ्यता ग्रहण गर्नु भएको थियो। प्रतियोगितामा प्रतियोगी विद्यार्थी हरुले आफ्नो उत्कृष्ठ प्रस्तुति प्रस्तुत गर्नु भएको थियो। उक्त वक्तृत्व कला प्रतियोगितामा छात्रा तर्फ श्री बालारानी मा.वि.की छात्रा श्री लीला

गुरुङ्गले प्रथम स्थान हासिल गर्नु भएको थियो भने छात्र तर्फ श्री स्वधर्म मा.वि. पाखापानीका छात्र श्री दिपेश कार्की क्षेत्रीले प्रथम स्थान हासिल गर्नु भएको थियो। बालारानी मा.वि.को प्राङ्गणमा सञ्चालन भएको कार्यक्रमको सञ्चालन महाशिला गाउँपालिकाका सिअहेव अधिकृत श्री कृष्ण बहादुर रानाले गर्नु भएको थियो भने कार्यक्रमको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो। उक्त कार्यक्रममा निर्णायक मण्डलको नेतृत्व स्वास्थ्य शाखा प्रमुख श्री नर बहादुर बरालले गर्नु भएको थियो।

## खोप दिने स्वास्थ्यकर्मीको दक्षता वृद्धि, ज्ञान, सीप तथा सरसफाई प्रवर्धन कार्यक्रमको अध्यावधिक सम्बन्धी २ दिने पुनर्ताजगी तालिम

मिति २०८२/०२/२६ र २७ गते । प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आ . व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८२/०२/२६ र २७ गते प्रदेश जनस्वास्थ्य कार्यालय कुश्माको तालिम हलमा खोप सेवा सञ्चालमा संग्लन खोप दिने स्वास्थ्यकर्मीको दक्षता वृद्धि, ज्ञान, सीप तथा सरसफाई प्रवर्धन कार्यक्रमको अध्यावधिक सम्बन्धी २ दिने पुनर्ताजगी तालिम (चौथो ब्याच)सम्पन्न भएको छ। उक्त तालिमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय नि. कार्यालय प्रमुख श्री प्रकाश गौतमले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथिको आतिथ्यता जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णु राम बि. क. ज्यूले गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो । कार्यक्रममा सहजिकरण प्रदेश अस्पतालका मे .सु.डा हेमन्त बाँस्तोला, पोखरा महानगर पालिका जनस्वास्थ्य अधिकृत तेजाखर लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक प्रकाश गौतम र पनिसुनि यवम खोप फोकल पर्सन श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो। उक्त तालिम कार्यक्रममा पर्वत जिल्लाका स्थानीय तह तथा प्रदेश अस्पताल कुश्माबाट गरी २८ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो । यो सगै खोप सेवा सञ्चालनमा संग्लन खोप दिने स्वास्थ्यकर्मीको दक्षता वृद्धि, ज्ञान, सीप तथा सरसफाई प्रवर्धन कार्यक्रमको अध्यावधिक सम्बन्धी २ दिने पुनर्ताजगी तालिम चार ब्याच सम्पन्न भएको छ ।

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि पुनर्ताजगी तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र मोदि गाउँपालिका तथा कुश्मा नगरपालिकाको समन्वयमा मिति २०८२/०२/१६ देखि ०२/१९ सम्म मोदि गाउँपालिका ( क्याङ स्वास्थ्य चौकी र वाजुङ स्वास्थ्य चौकिमा ) ,मिति २०८२/०२/१८ देखि ०२/२१ सम्म कुश्मा नगरपालिका पकुवामा र फलेवास नगरपालिकाको समन्वयमा मिति 2082/02/28 देखि 02/31 सम्म फलेवास नगरपालिका ( भंगरा स्वास्थ्य चौकीमा ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि पुनर्ताजगी तालिम प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुखज्यूको अध्यक्षतामा समपन्न भएको छ । तीन स्थानमा सम्पन्न भएको उक्त तालिममा जम्मा ३७ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सहभागिता रहेको थियो । तालिममा मुख्य प्रशिक्षण गर्ने जनस्वास्थ्य निरिक्षक सुरेश सुवेदी, सि.अ.हे.व अधिकृत रामप्रसाद चापागाई, अधिकृत सातौ टेकनाथ सुवेदी, जनस्वास्थ्य निरिक्षक सागर पौडेल , पब्लिक हेल्थ नर्स बिन्दु गौतम र प्रशिक्षण सहित सम्पुर्ण व्यवस्थापन गर्ने स्वास्थ्य चौकी प्रमुखज्यूहरु, नर्सिङ कर्मचारीहरु र पारामेडिकज्यूहरुलाई

धन्यवाद दिन चाहन्छौ । तालिममा खोप, पोषण, सुरक्षित मातृत्व , गर्भपतन , नसर्ने रोग जस्ता महत्वपूर्ण विषयमा छलफल गरिएको छ ।

## पर्वत जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम

मिति २०८२-०३-०५ -जिल्ला खोप समन्वय समिति पर्वतको आयोजनामा पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम जिल्ला खोप समन्वय समिति पर्वतका संयोजक श्री बिष्णुराम बि.क अध्यक्षतामा संचालन भएको थियो। उक्त कार्यक्रममा जिल्ला खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय तहका मेयर तथा प्रमुखहरु , प्रमुख जिल्ला अधिकारी, ७ वटै स्थानीय तहका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, पत्रकारहरु, जिल्लास्थित सरोकारवालाहरुको उपस्थतिमा र खोप कार्यकर्मका संयोजक नारायण प्रसाद रेग्मीको संचालनमा सम्पन्न भएको थियो । हालसम्म प्राप्त प्रगतिहरूको समीक्षा गर्दै आगामी दिनहरूमा पनि कोही बच्चा नछुट्ने गरी खोप कार्यक्रम सञ्चालन गर्न सबै सरोकारवालाहरुले प्रतिबद्धता जनाउनु भएको छ। यस अवसरमा २०८२ साल असार ५ गतेका दिनसम्म १६ महिना देखि २७ महिनासम्मका १५०२ जना बालबालिकाहरुले राष्ट्रिय स्खोप तालिका अनुसार तथा छुट ३ जना बालबालिकाहरुलाई घरधुरी सर्वेक्षणमा भेटेर खोप पुरा गरी जम्मा १५०५ जना बालबालिकाहरुलाई सबै खोप दिलाई पूर्णखोप पाएको सुनिश्चित गर्दै पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितताको दिगोपना भएको घोषणा गरिएको थियो। यस कार्यक्रमलाई सभ्य र भव्य बनाउन तथा पूर्णखोपको प्रक्रियामा महत्वपूर्ण योगदान पुर्याउनु हुने यस जिल्लामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा सम्पूर्ण शुभचिन्तकहरुमा आभार व्यक्त गर्दछौं।

## महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई कार्यक्रम

मिति २०८२-०३-०५ गते -प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा पर्वत जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमको समारोहमा पर्वत जिल्लामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई कार्यक्रम जिल्ला समन्वय समिति प्रमुख बिष्णुराम बि.क ज्यूको अध्यक्षतामा तथा प.हे.न.नि सुमन शर्माको सन्चालनमा सम्पन्न भएको छ । उमेरले ६० वर्ष पुग्नु भएका १२ जना र महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका भइ रहदा दुखद निधन हुनुभएको २ जना गरि १४ जना महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरूलाई कदर पत्र वितरण गरि सम्मान गरिएको थियो । यस बिदाई अवसरमा तपाईंहरूले देखाउनुभएको साहस, धैर्य, मेहनत र मानवसेवा प्रतीको प्रतिबद्धतालाई हामी सधैं स्मरण गर्नेछौं। नेपालको स्वास्थ्य प्रणालीलाई बलियो बनाउन तपाईंहरूले जुन भूमिका निर्वाह गर्नुभयो, त्यसको लागि हामी हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं। आगामी दिनहरूमा शान्ति, स्वास्थ्य र सफलता रहोस् भन्ने कामना व्यक्त गर्दछौं।महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा रहि तपाइँहरुले समुदाय स्तरमा पुराउनु भएको योगदानको प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको तर्फबाट उच्च सम्मान गर्दछौं साथै सेवानिवृत्त जीवन सुखद रहोस् भनी सुभकामना पनि दिन चाहान्छौ । निधन हुनुभएका महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरू प्रति यस दुःखद घडीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं।

## खोप सेवा सञ्चालमा संग्लन खोप दिने स्वास्थ्यकर्मीको २ दिने पुनर्ताजगी तालिम

मिति २०८२/०३/११ र १२गते -प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आ . व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८२/०३/११ र १२ गते प्रदेश जनस्वास्थ्य कार्यालय कुश्माको तालिम हलमा खोप सेवा सञ्चालमा संग्लन खोप दिने स्वास्थ्यकर्मीको दक्षता वृद्धि, ज्ञान, सीप तथा सरसफाई प्रवर्धन कार्यक्रमको अध्यावधिक सम्बन्धी २ दिने पुनर्ताजगी तालिम (पाँचौं ब्याच)सम्पन्न भएको छ। उक्त तालिमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय कार्यालय प्रमुख श्री बद्रिराज आचार्यले गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथिको आतिथ्यता जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णु राम बि. क. ज्यूले गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो । कार्यक्रममा सहजिकरण प्रदेश अस्पतालका मे .सु.डा हेमन्त बाँस्तोला, प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख श्री बद्रीराज आचार्य,पोखरा महानगर पालिका जनस्वास्थ्य अधिकृत तेजाखर लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालयका पनिसुनि यवम खोप फोकल पर्सन श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो। उक्त तालिम कार्यक्रममा पर्वत जिल्लाका स्थानीय तहबाट गरी २८ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।

## मानसिक स्वास्थ्य सचेतना र पैरवी कार्यक्रम

मिति -२०८२/०३/१३ -प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को आयोजना र महाशिला गाउपालिकाको समन्वय मानसिक स्वास्थ्य सचेतना र पैरवी कार्यक्रम महाशीला गा पा का अध्यक्ष ईश्वरी भुसाल को अध्यक्षतामा सम्पन्न भएको छ । मानसिक स्वास्थ्य समस्याको सचेता र यसको नीति तथा योजना निर्माणमा सहयोग गर्न उद्देश्यका साथ जनप्रतिनिधि , प्रमुख प्रशासकिय अधिकृत,स्वास्थ्यकर्मी , गा पा अन्तर्गतका मा .बीका शिक्षक शिक्षिकाहरु, सञ्चारकर्मीहरु सरोकारवालाहरु लगायत म.स्वा.सेविकाहरू संग उक्त कार्यक्रम गरिएको हो जसको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय ज स्व नि प्रकाश गौतम र जनस्वास्थ्थ अधिकृत अन्जली पि सिले गर्नु भएको थियो भने संचालन स्वास्थ्य शाखा प्रमुख नर बहादुर बराल ले गर्नु भएको थियो । कार्यक्रममा जनप्रतिनिधिहरु , प्रमुख प्रशासकिय अधिकृत,स्वास्थ्यकर्मीहरु , गा पा अन्तर्गतका मा बीका शिक्षक शिक्षिका, सञ्चारकर्मीहरु सरोकारवालाहरु लगायत म.स्वा.सेविकाहरू गरी ४० जनाको सहभागिता रहेको थियो ।

## एकिकृत स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरिय समिक्षा कार्यक्रम

मिति २०८२/०३/२० देखि ३/२१ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा एकिकृत स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरिय समिक्षा कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख बद्रीराज आचार्य

ज्युको अध्यक्षतामा प्रदेश जनस्वास्थ्य कार्यालयको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले गर्नुभएको थियो भने स्वागत मन्तब्य तथ्याङ्क सहायक रामचन्द्र सुवेदीले राख्नुभएको थियो। प्रदेश अस्पताल पर्वतवाट मे.सु डा. हेमन्त वास्तोला ,बालरोग विशेषज्ञ ज्युको आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रादेशिक स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका बरिष्ठ तथ्याङ्क अधिकृत दिवाकर शर्माले आवश्यक सहजिकरण गर्नुभएको थियो। साथै पर्वत जिल्लाका सातवटै स्थानिय तहवाट स्वास्थ्य शाखा प्रमुख , तथ्याङ्क ब्वस्थापनमा कार्यरत स्वास्थ्यकर्मि,स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी प्रदेश अस्पताल पर्वतवाट NRH प्रमुख,MCH शाखा प्रमुख,ईमर्जेन्सी शाखा साथै मेडिकल रेकर्डर निरिक्षकको सहभागिता रहेको थियो। कार्यक्रममा खोप, सुरक्षित मातृत्व, महिला स्वास्थ्य स्वयंसेविका, NCD, मानसिक स्वास्थ्य MSS रोग नियन्त्रण, स्वास्थ्य प्रवर्धन, परिवार योजना तथा किशोर किशोरी मैत्रि स्वास्थ्य सेवा, पोषण तथा बाल रोगको एकिकृत ब्यवस्थापन जस्ता Thematic Area मा समुह विभाजन गरी प्रस्तुतिकरण गरिएको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका विभिन्न कार्यक्रमसँग सम्बन्धित फोकल पर्सन हरुले बर्ष भरी गरेका कार्यक्रमको प्रगति कार्यक्रम संचालनका क्रममा आईपरेका समस्या तथा समाधानका उपाएका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो।

## Quantifications and forecasting कार्यक्रमको समीक्षा

मिति २०८२/०३/२२ प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आ . व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश जनस्वास्थ्य कार्यालय कुश्माको तालिम हलमा अत्यावश्यक औषधीको Quantifications and forecasting कार्यक्रमको समीक्षा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय कार्यालय प्रमुख श्री बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रमको सञ्चालन र सहजीकरण कार्यक्रमका संयोजक प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक श्री प्रकाश गौतमले गर्नु भएको थियो । कार्यक्रममा पर्वत जिल्ला अन्तर्गत सात स्थानीय तह का स्वास्थ्य शाखा प्रमुख र स्टोर फोकल पर्सन गरी १६ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो।

## MSS परिस्परिक अवलोकन भ्रमण

मिति – २०८२/०३/२७ र २८ प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा MSS परिस्परिक अवलोकन भ्रमण बिहादी गाउँपालिका अन्तर्गतको वाहाकीठाटी स्वास्थ्य चौकी र पैयू गाउँपालिका अन्तर्गतको सरौखोला स्वास्थ्य चौकीमा सम्पन्न गरिएको छ। उक्त भ्रमणमा पर्वत जिल्लाका सातवटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा MSS फोकल पर्सनहरू सहित प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन गरी जम्मा १७ जनाको सहभागिता रहेको थियो। भ्रमणको नेतृत्व प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प्रमुख बद्रीराज आचार्य र कार्यक्रम सम्योजन प्रकाश गौतमले गर्नु भएको थियो। उक्त भ्रमण MSS स्कोरमा सुधार देखिएका संस्थाबाट सिकाइ र अभ्यास अवलम्बन गर्ने उद्देश्यले गरिएको थियो। भ्रमणको क्रममा सम्बन्धित स्वास्थ्य संस्थाका व्यवस्थापन समिति सदस्यहरूसँग अन्तरक्रिया समेत समेत गरिएको थियो, जसमा स्वास्थ्य सेवाका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूबारे गहिरो छलफल गरिएको थियो। यसरी वार्षिक रूपमा MSS परिस्परिक अवलोकन भ्रमण आयोजना गर्दा सिकाइ, रिफ्रेशमेन्ट तथा कामप्रतिको थप प्रेरणा प्राप्त हुने विश्वास यस भ्रमणले दिलाएको छ।

# १० सूचना अधिकारीको नाम र पद

सुमन शर्मा

पब्लिक हेल्थ नर्सिङ निरिक्षक

९८४७६४४१६२

# ११ आर्थीक कारोवार सम्वन्धी विवरण

आर्थिक वर्ष २०८१/८२ असार मसान्तर सम्मकोको भौतिक तथा वित्तिय प्रगति

**अनसूची - २ (आ.ब. २०८१।८२ को बार्षिक प्रगति प्रतिवेदन )**

.

२. वजेट उपशीर्षक नं. :

**३. मन्त्रालय /कार्यालय : प्रदेश जनस्वास्थ्य कार्यालय , पर्वत**

४. कार्यक्रम/आयोजनाको नामः कार्यालयको सम्पुर्ण (प्रदेश समानिकरण + संघ सशर्त)

**५. स्थानः**

६. आयोजना/कार्यालय प्रमुखको नाम : बद्रिराज आचार्य

७. जम्मा बजेट रकम रु. : 50536000

८. खर्च बजेट रकमः रु. : 44107765.29

९. वित्तिय प्रगति प्रतिशत 87.28%

**बजेटको किसिम : प्रदेश समानीकरण / संघ शसर्त अनुदान**

| क्र.सं | ब.उ.श.नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | खर्च रकम | बाकी बजेट | वित्तिय प्रगती % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३५०९११३२३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | २,२४६,००० | २२४०९९६।० | ५००४।० | 99.78% | |
| २ | ३५०९११३४३ | एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | ११०,००० | ३००००।० | ८००००।० | 27.27% | |
| ३ | ३५०९११३१३ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १,३८०,००० | १२२७२०१।५ | १५२७९८।५ | 88.93% | |
| ४ | ३५०९११४२३ | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | १९,२१३,००० | १७४१८५८३।५ | १७९४४१६।५ | 90.66% | |
| ५ | ३५०९११४५३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ३००,००० | २०००८०।० | ९९९२०।० | 66.69% | |
| ६ | ३५०९११४०३ | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १,५००,००० | १३३८४८०।० | १६१५२०।० | 89.23% | |
| ७ | ३५००३०१३४ | स्वास्थ्य कार्यालयहरु | २,०००,००० | १९८९५३५।० | १०४६५।० | 99.48% | |
| ८ | ३५०९११४३३ | क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | २३०,००० | १८२८००।० | ४७२००।० | 79.48% | |
| ९ | ३५०९११३८३ | नासङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १,०३७,००० | ७७६८३५।० | २६०१६५।० | 74.91% | |
| १० | ३५००३०१३३ | स्वास्थ्य कार्यालयहरु | २२,३२०,००० | १८५१४९५४।३ | ३८०५०४५।७ | 82.95% | |
| ११ | ३५०९११४१३ | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | २००,००० | १८८३००।० | ११७००।० | 94.15% | |
| जम्मा | | | ५०,५३६,०००।०० | ४४१०७७६५।२९ | ६४२८२३४।७१ | 87.28% | |

श्रोतगत संक्षिप्त विवरण

| बजेट प्राप्तीको श्रोत | बिनियोजन तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुजिगत | कुल | चालु | पुजिगत | कुल | |
| प्रदेश सामानिकरण | २२,३२०,०००।० | २,०००,०००।० | २४,३२०,०००।० | १८,५१४,९५४।३ | १,९८९,५३५।० | २०,५०४,४८९।३ | |
| संघ शसर्त | २६,२१६,०००।० | ( | २६,२१६,०००।० | २३,६०३,२७६।० | ( | २३,६०३,२७६।० | |
| कुल | ४८,५३६,०००।० | २,०००,०००।० | ५०,५३६,०००।० | ४२,११८,२३०।३ | १,९८९,५३५।० | ४४,१०७,७६५।३ | |

## १२ ऐन,नियम विनियम एंव निर्देशिकाको सूची

संघ र प्रदेश सरकार वाट प्राप्त तपशिल वमोजिमको ऐन, नियमावली र निर्देशिका लाई आधार मानी जनस्वास्थ्यका सम्पुर्ण कार्यक्रम संचालन गर्ने गरेको।

- नेपालको संविधान २०७२
- जनस्वास्थ्य सेवा ऐन २०७५
- प्रदेश खर्चको मापदण्ड २०७९
- कार्यक्रम संचालन निर्देशिका संघ २०८१।८२
- कार्यक्रम संचालन निर्देशिका प्रदेश २०८१।८२
- सार्वजनिक खरिद ऐन २०६३

## १३ जनस्वास्थ्य कार्यालय पर्वतको वेवसाईट र अन्य विवरण

Web site: https://hoparbat.gandaki.gov.np

कार्यालय वाट हाल सम्म प्रकाशित वार्षीक प्रतिवेदनहरु

२०७८।७९, २०७९।८०, २०८०/८१